<u>नेपाल दूरसंचार प्राधिकरण</u>

१. अध्यक्ष प्रा.डा.श्री दिनेश कुमार शर्मा
२. सदस्य श्री महेश प्रसाद अधिकारी
३. सदस्य श्री बलराम प्रधानाङ्ग
४. सदस्य श्री भेषराज कणेल
५. सदस्य श्री तुलसी भट्ट
वाट भएको आदेश/निर्णय ।

निवेदन दर्ता मितिः- २०६३।१२।२६ निवेदन दर्ता नं.- ११

का.जि.का.म.न.पा. वडा नं. १० मा रजिष्टर्ड कार्यालय भएको वेभ सर्फर कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री सुमन क्षेत्री...............१ निवेदक

<u>विरुद्ध</u>

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२६ निवेदन दर्ता नं.- १२

का.जि.का.म.न.पा. वडा नं. १० मा रजिष्टर्ड कार्यालय भएको इन्फोकम प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री सुरेन्द्र शाक्य..........................................१ निवेदक

<u>विरुद्ध</u>

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२६ निवेदन दर्ता नं.- १३

ल.पु.जि.ललितपुर उपमहानगर पालिका वडा नं. ५ मा रजिष्टर्ड कार्यालय भएको वर्ल्डलिंक कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री लक्ष्मण यादव...१ निवेदक

<u>विरुद्ध</u>

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२६ निवेदन दर्ता नं.- १४

का.जि.का.म.न.पा. वडा नं. १ मा रजिष्टर्ड कार्यालय भएको मर्कन्टायल कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का मधु कुमार अमात्य...............................१ निवेदक

<u>विरुद्ध</u>

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२६ निवेदन दर्ता नं.- १५

ल.पु.जि.ललितपुर उपमहानगर पालिका वडा नं. ५ मा रजिष्टर्ड कार्यालय भएको नेटप्लस टेक्नोलोजि प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का गिरिश गिरी..............१ निवेदक

<u>विरुद्ध</u>

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२७ निवेदन दर्ता नं.- १६

ल.पु.जि. ललितपुर उपमहानगर पालिका वडा नं. ३ मा रजिष्टर्ड कार्यालय भएको भायानेट कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री सुधिर कु. पौडेल.......१निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं .............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२७ निवेदन दर्ता नं.- १७

ल.पु.जि. ललितपुर उपमहानगर पालिका वडा नं. ४ मा रजिष्टर्ड कार्यालय भएको एभरेष्ट नेट प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री महेन्द्र कुमार सुवेदी...........१ निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ...............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२७ निवेदन दर्ता नं.- १८

का.जि.का.म.न.पा. वडा नं. ३० मा रजिष्टर्ड कार्यालय भएको कम्युनिकेशन एण्ड कम्युनिकेट प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री विजय काररिञ्जत................१ निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ...............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२७ निवेदन दर्ता नं.- १९

का.जि.का.म.न.पा. वडा नं. १० मा रजिष्टर्ड कार्यालय भएको ब्रोडलिंक नेटवर्क एण्ड कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री विष्णु घिमिरे......................१ निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ...............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।२९ निवेदन दर्ता नं.- २०

का.जि.का.म.न.पा. वडा नं. ३१ मा रजिष्टर्ड कार्यालय भएको रेडियस कम्युनिकेशन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री एकराज सेढाई.................१ निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ...............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।३० निवेदन दर्ता नं.- २१

का.जि.का.म.न.पा. वडा नं. ८ मा रजिष्टर्ड कार्यालय भएको हिमाल टेक्नोलोजिज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री मिडमार तामाङ्ग...............................१ निवेदक

विरुद्ध

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६३।१२।३० निवेदन दर्ता नं.- २२

ल.पु.जि. ललितपुर उपमहानगर पालिका वडा नं. ३ मा रजिष्टर्ड कार्यालय भएको ग्लोबल इन्टर्नेट सर्भिसेज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री महेशरत्न तुलाधर..........१ निवेदक

**विरुद्ध**

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

निवेदन दर्ता मितिः- २०६४।१।९ निवेदन दर्ता नं.- २३

का.जि.का.म.न.पा. वडा नं. २९ मा रजिष्टर्ड कार्यालय भएको हिमालयन अनलाइन सर्भिसेज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. का श्री मनीष कुमार सिंह.................१ निवेदक

**विरुद्ध**

नेपाल दूरसंचार कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं ..............................१ विपक्षी

**विषयः- समान व्यवहार गरी पाउँ ।**

दूरसंचार ऐन, २०५३ को दफा १६ र दूरसंचार नियमावली, २०५४ को नियम २२ र २४ बमोजिम नेपाल दूरसंचार प्राधिकरणमा दायर भै पेश हुन आएको प्रस्तुत उजुरी निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

उजुरीवाला प्राधिकरणबाट इन्टर्नेट सेवाको अनुमतिपत्र प्राप्त गरी सेवा प्रदान गर्दै आएको छ । उजुरीको प्रयोजनको लागि दूरसंचार कम्पनीको ग्राहकको हैसियतले दूर संचार नियमावली, २०५४ को नियम २२ र २४ अन्तर्गत विवाद समाधानको माग गरी आएको पक्ष हो । दूरसंचार नियमावलीको अनुसूचि-६क मा उल्लेख गरिएका सेवाहरु संचालन गरिरहेको सेवा प्रदायक विपक्षी नेपाल दूरसंचार कम्पनी लिमिटेड, (NDCL) हो । विपक्षी NDCL ले आफैले संचालन गरेको इन्टर्नेट सेवा मार्फत प्रदान गरेको सेवामा आफ्ना ग्राहकलाई देशभर डायल गर्दा लोकल कल सरह मात्र शुल्क लाग्ने व्यवस्था गरेको, उजुरीकर्ता पनि NDCL को ग्राहक हुदा सो बमोजिम सुविधा पाउनु पर्नेमा फरक व्यवहार गरेको, दूरसंचार ऐनको दफा ४२ (३) विपरित कार्य गरेको हुदा सोही ऐनको दफा १६ र ४७ तथा दूरसंचार नियमावली, २०५४ को नियम २२ र २४ बमोजिम विवाद समाधान गरी Code Division Multiple Access (CDMA), Digital Subscriber Line (DSL) र Local Dialing को समान व्यवहार गरी पाउँ भन्ने निवेदन माग दावी ।

नेपाल दूरसंचार प्राधिकरणको कार्यविधि सम्वन्धी विनियमावली, २०५९ को विनियम ४ (२) बमोजिम निवेदकलाई तारेखमा राखी NDCL को नाममा सोही विनियमावलीको विनियम ८(३) बमोजिम १५ दिनको म्याद सूचना जारी गरी म्याद भित्र लिखिति प्रतिवाद परेपछि वा लिखित प्रतिवादको म्याद समाप्त भएपछि कार्यवाहीको लागि पेश गर्नु भन्ने मिति २०६३।१२।२७ को आदेश ।

दूरसंचार ऐनको दफा ४२ (३) विपरित कार्य गरेकोमा सोही ऐनको दफा १६ र ४७ तथा दूरसंचार नियमावली, २०५४ को नियम २२ र २४ बमोजिम कारवाही गरी पाउ भन्ने निवेदकको माग दावी ऐनको दफा ४२ (२) बमोजिमको विवाद समाधान गर्ने कानुनी व्यवस्था होईन । विपक्षीले भेदभावपूर्ण व्यवहार भयो भने पनि के कस्तो भेदभाव भएको र निवेदकलाई हानी नोक्सानी भएको खुलाउन सकेको छैन । निवेदक स्वयं नै इन्टर्नेट सेवा संचालक भएकोले NDCL का इन्टर्नेटको ग्राहकलाई दिए सरहको सुविधा पाउ भन्ने जिकिर कानून सम्मत नभएको र वस्तुतः उक्त उजुरी कुनै सत्यतामा आधारित नहुदा उजुरी निवेदन खारेज भागी छ भन्ने व्यहोराको NDCL को लिखित प्रतिवाद ।

दूरसंचार नियमावली, २०५४ को नियम २४(१) बमोजिम आपसी छलफलबाट विवादको समाधान गर्न NDCL का तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी एवं वारेसलाई कम्पनीका तर्फबाट मिलापत्र गर्न सक्ने अधिकार नरहेको भन्ने जानकारी गराएकोले NDCL को तर्फबाट मिलापत्र समेत गर्न सक्ने अधिकार प्राप्त अधिकारी वा आफ्नो प्रतिनिधि सहित उपस्थित हुनु भन्ने मिति २०६४।३।१८ को आदेश ।

NDCL को नयाँ सेवा निर्देशनालयबाट संचालित इन्टर्नेट सेवालाई NDCL ले उपलब्ध गराएको टेलिफोन लाइनहरु (CDMA, Asymmetric Digital Subscriber Line (ADSL), Public Switched Telephone Network (PSTN)) प्रदान गर्दा के कस्तो शर्त र दररेटमा प्रदान गरिरहेको छ सो पुष्टि हुने लिखित प्रमाण सहितको विवरण NDCLबाट दाखिला गर्न लगाउने मिति २०६४।७।२८ को आदेश ।

निवेदक समेतले दायर गरेको प्रस्तुत उजुरी निवेदन विचाराधिन रहेको अबस्थामा Asymmetric Digital Subscriber Line (ADSL) सेवाको सञ्चालन गर्ने कार्य NDCL ले गर्न लागेकोले प्रस्तुत विवादको टुङ्गो नलागेसम्म भेदभावपूर्ण तवरमा ADSL सेवा संचालन नगर्नु भनी NDCL को नाउमा आदेश गरी पाउ भन्ने Internet Service Providers Association of Nepal (ISPAN) ले मिति २०६४।९।१६ मा दायर गरेको निवेदन ।

उपरोक्त निवेदन उपर कारवाही हुदा प्रस्तुत विषयमा निवेदकको जिकिर दावीका सम्वन्धमा के कसो भएको हो निवेदन माग बमोजिम आदेश जारी गर्नु पर्ने हो वा होइन ? सो सम्वन्धमा आवश्यक कागज प्रमाण सहिति उपस्थित हुनु भन्ने मिति २०६४।९।२५ को आदेश ।

प्राधिकरणबाट मिति २०६४।७।२८ मा NDCLको नाउमा जारी गरिएको आदेशका सम्बन्धमा NDCL ले संचालनमा ल्याएको CDMA, PSTN, Global System for Mobile Communications (GSM), Internet लगायतका सबै सेवाहरु भिन्ना भिन्नै अनुमतिपत्र अनुरुप संचालनमा रहेको भएतापनि सबै सेवाहरु एउटै कम्पनी NDCL का अङ्गहरु भएको कारणले एउटा अङ्गबाट अर्को अङ्गको सेवामा के कस्तो शर्त र दररेटमा सेवा प्रदान गरिरहको भन्ने कुराको कुनै तात्विक अर्थ नदेखिएको हुनाले सोही व्यहोरा अनुरोध गर्दै आदेश अनुसारको विवरण दाखिला गर्न नपर्ने आदेश गरी पाउन अनुरोध गरी NDCLले मिति २०६४।१०।१३ मा पेश गरेको पत्र ।

निवेदक तर्फबाट रहनु भएका विद्वान अधिवक्ता शतिशकृष्ण खरेल र NDCLको तर्फबाट रहनु भएका बिद्वान अधिवक्ता रामकुमार के.सि., अधिवक्ता सुरज अधिकारी, अधिवक्ता उत्तम श्रेष्ठ, बिद्धुषी अधिवक्ता अमिता दिक्षित समेतको वहस जिकिर सुनियो ।

प्राधिकरणमा पर्न आएको प्रस्तुत उजुरी, लिखित जवाफ र कानून व्यवसायीहरुको बहस समेत सुनि निर्णय तर्फ बिचार गर्दा NDCL ले आफ्ना इण्टरनेट प्रयोगकर्ता ग्राहकहरुलाई आधारभूत टेलिफोन लाइन, CDMA लगायतबाट इन्टर्नेट सेवा उपलब्ध गराउदा अर्थात नेपाल राज्य भित्रबाट इन्टर्नेट डायल गर्दा ट्रंक दस्तुर नलाग्ने गरी लोकल कलको मात्र दस्तुर लाग्ने सुविधा उपलब्ध गराएको तर NDCL जस्तै अन्य इण्टरनेट सेवा प्रदायक कम्पनीका सेवाग्राहीले NDCLको बेसिक टेलिफोन, CDMA लगायतका माध्यमबाट इण्टरनेट प्रयोगको लागि डायल गर्दा काठमाण्डौ उपत्यका बाहीर ट्कल लाग्ने गरी दूरसंचार ऐन, २०५३ को दफा ४२ (३) विपरित भेदभावपूर्ण व्यवहार गरेकोले तत्काल भेदभावपूर्ण व्यवहार समाप्त गरी आफ्नो सेवा प्रदायकलाई दिए बमोजिमको सम्पूर्ण सेवा र

सुविधा निवेदक उजुरवालालाई उपलव्ध गराई पाउँ भन्ने निवेदकहरुको मुख्य माग दावी रहेको पाईन्छ । प्राधिकरणबाट मिति २०६४।३।१८ को आदेश बमोजिम NDCL र निवेदकहरु (१३ वटा संस्था) बाट छानीएका ३।३ जना प्रतिनिधिवीच छलफल गरी २०६४।५।२३ सम्म दुवै पक्षवीच सहमतिमा पुग्न समय दिईएकोमा दुबै पक्ष बिच सहमति हुन नसकी NDCL बाट २०६४।१०।२७ मा पेश गरेको पत्रमा NDCL का १००० लाइन क्षमताका Remote Subscriber Unit (RSU) हरुमा बढिमा चारवटा E-1 जडान गर्न सकिने र प्रत्येक Connection ले एउटा Channel लिने हुनाले १००० लाइनलाई प्राप्त हुने १२० Channel बाटै इन्टर्नेट सेवाको लागि Circuit छुट्याउदा Voice Traffic लाई प्रतिकुल असर कम गर्न RSU र Host Exnchange बीचको Total Channel Capacity मध्ये अधिकतम ५ प्रतिशत मात्र ISP हरुका लागि दिन सकिने साथै हाल प्रचलनमा रहेको 15xxx कोड मार्फत PSTN का ग्राहक र CDMA को ग्राहकले #777 डायल गरी इन्टर्नेट सेवा उपयोग गर्दा ४ मिनेट र ८ मिनेटको एक कल हुने र ADSL प्रविधिका सेवा अन्य ISP लाई Wholesale मा उपलव्ध गरी NDCL ले जस्तै सर्वसाधारण ग्राहक माझ Retail गर्न दिन NDCLलाई आवश्यक पर्ने/नपर्ने सम्वन्धमा सो सेवा NDCL को नीति निर्णय अनुसार नै संचालन हुने भनी NDCL को धारणा पेश गरेको पाइयो । साथै NDCL बाट संचालित इन्टर्नेटका ग्राहकहरुलाई ट्रंकल नलाग्ने सम्वन्धमा NDCL का ग्राहक निजी कम्पनीका ग्राहक संख्या भन्दा निकै न्यून भएकोले विद्यमान Voice Circuit बाट नै इन्टर्नेटको ग्राहकलाई मुलुकभरबाट लोकल कल सरह Dialing को व्यवस्था गर्न प्राविधिक रुपमा सम्भव नहुने भन्ने तर्कसमेत प्रस्तुत गरेको पाइयो ।

नेपालमा आर्थिक उदारिकरणको नीतिको परिणाम स्वरुप दूरसञ्चार क्षेत्रमा समेत निजी क्षेत्रको प्रतिस्पर्धाद्वारा बजार व्यवस्थापन गर्नका लागि दूरसंचार ऐन, २०५३ जारी भएको पाईन्छ । दूरसंचार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन, दूरसंचार सेवामा निजी क्षेत्रलाई समेत संलग्न गराई दूरसंचार सेवालाई नियमित र व्यवस्थित गर्न ऐन बमोजिम सरकारद्धारा नेपाल दूरसंचार प्राधिकरणको स्थापना गरिएको कुरामा द्धुविधा छैन । प्राधिकरणले अनुमतिपत्र जारी गर्ने, गुणस्तर निर्धारण गर्ने, सेवाको स्तर तोक्ने, शूल्क स्वीकृत गर्ने, सेवाको अनुगमन तथा निरिक्षण गर्ने, दूरसंचार सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु वीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने लगायत अनुमतिपत्र प्राप्त व्यक्ति वीच वा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहकवीच भएको दूरसंचार सेवा सम्वन्धी विवाद समेत समाधान गर्ने अर्धन्यायिक अधिकार समेत ऐनद्वारा प्राप्त गरेको देखिएकोले प्रस्तुत विवादमा दूरसंचार नियमावली, २०५४ को नियम २२ र २४ आकर्षित हुने देखिएकोले प्राधिकरणको अधिकार क्षेत्र भित्र पर्ने देखिन्छ ।

विश्वका अधिकांश मुलुकमा २ दशक अघि सरकारद्वारा संचालित दूरसंचार सेवालाई निजिकरणका विभिन्न माध्यमबाट सरकारी स्वामित्व घटाउने र हटाउने गर्दै आएका र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने वातावरण सृजना गरी वैदेशिक लगानी समेत भित्र्याउदै आएका छन् । यसरी निजी क्षेत्रको लगानीको वातावरण सृजना गर्नका लागि प्राधिकरण जस्ता स्वतन्त्र नियामक संस्थाको स्थापना गर्दै यस्तै संस्थाद्वारा दूरसंचारको विकास विस्तार गरेको उदाहरण १०० भन्दा बढि मुलुकमा पाइन्छ । यस्ता निकायबाट प्रतिस्पर्धालाई सुदृढ गर्नका लागि बजारमा सेवाको अवस्थाको मूल्याङ्कन गर्ने, सेवामा प्रभुत्व रहेको सेवा प्रदायक खासगरी Incumbent Service Provider द्वारा संचालित सेवा र सेवा संचालनका लागि भएको पूर्वाधार र त्यसको बाडफाडमा हुने विभेद, एकै संस्थाबाट वहुसेवा संचालन गरेको अवस्थामा एक सेवाबाट प्राप्त नाफा आम्दानी अर्को सेवामा अनुदान (Subsidy) दिने र वास्तविक लागतभन्दा कम दररेट (Predatory Pricing) मा सेवा दिने जस्ता

क्रियाकलापलाई सेवा शुल्कका निर्धारणमा लिएको नीति सम्बन्धमा अत्यन्त नजिक रहेर अध्ययन गर्ने र आवश्यकतानुसार त्यस्तो प्रतिस्पर्धा विरोधी कार्यलाई निरुत्साहीत र दण्डात्मक कार्यद्वारा नियन्त्रित गर्ने गरेको पाइन्छ । जस्तै यूरोपियन कमिशनले इन्टर्नेट सेवा प्रदायक (फ्रान्स टेलिकमद्वारा शत प्रतिशत लगानीमा संचालित) Wanadoo Company ले लागत मुल्यभन्दा कम मूल्यमा (Predatory Pricing) सेवा वितरण गरी अन्य प्रतिस्पर्धिलाई नोक्सानी पारेकोले १०.३ मिलियन युरो जरिवाना गरेको पाइन्छ । (http://news.bbc.co.uk/1/hi/business/3070925.stm)

प्राधिकरणबाट मिति २०६४।७।२८ को आदेशानुसार NDCL को नयाँ सेवा निर्देशनालयबाट संचालित इन्टर्नेट सेवालाई NDCL ले उपलव्ध गराएको टेलिफोन लाइनहरु (CDMA, PSTN, ADSL) प्रदान गर्दा के कस्तो शर्त र दररेटमा प्रदान गरिरहेको छ सो पुष्टि हुने लिखित प्रमाण सहितको विवरण माग गरिएकोमा NDCL बाट २०६४।१०।१३ मा प.सं. व्या.व्य.वि. ०६४।६५ च.नं. ८०३ बाट NDCL ले संचालनमा ल्याएको CDMA, PSTN, GSM, Internet लगायत सबै सेवाहरु भिन्ना भिन्नै अनुमतिपत्र अनुरुप संचालनमा रहेको भएतापनि सो सबै सेवाहरु एउटै कम्पनीका अंगहरु भएको कारणले एउटा अंगबाट अर्को अंगको सेवामा के कस्तो शर्त र दररेटमा सेवा प्रदान गरिरहेको भन्ने कुराको कुनै तात्वीक अर्थ नदेखिएको भन्ने जवाफ पेश गरी जिकिर गरेको सन्दर्भमा NDCL एक कानूनी अस्तित्वको व्यक्ति भएकोमा विवाद छैन । उक्त कम्पनीले अलग अलग दूर सञ्चार सेवाको अनुमतिपत्र लिएको र एक अनुमतिपत्र अन्तर्गत संचालन गरिने सेवा आफैबाट संचालित अर्को सेवाका लागि उपलव्ध गराएको सुविधा वा Link को लागि सम्झौता गर्नु नपर्ने भन्ने विपक्षीको भनाइलाई मान्ने हो भने खासगरी नियामक निकायको उद्देश्य प्रतिस्पर्धालाई अभिवृद्धि गराउने र सेवालाई सर्वसुलभ गराउने उपर अप्रत्यक्ष रुपमा प्रभावित हुन जाने देखिन्छ । दूरसंचार ऐनको दफा ४२ (३) को प्रावधानको अध्ययन गर्दा आफुले प्रदान गरेको दूरसंचार सेवाको शुल्क तथा अन्य शर्तको सम्वन्धमा अनुचित रुपमा भेदभाव गर्न आफु समेत कुनै व्यक्तिलाई अनुचित प्राथमिकता दिन वा कुनै व्यक्तिलाई अनुचित नोक्सानीमा पार्न हुदैन भन्ने व्यवस्थाले एउटै व्यक्तिले संचालन गरेको सेवाको शुल्क र शर्त आफुलाई समेत अनुचित प्राथमिकता दिन नहुने प्रष्ट पार्दछ । NDCL लाई प्राधिकरणबाट जारी भएको अनुमतिपत्रको शर्तहरु समेत अध्ययन गर्दा प्रतिस्पर्धा विरोधी गतिविधि गर्न रोक लगाउने शर्तहरु Basic-01 को अनुमतिपत्रको शर्त नं. १५ (द) (ध) र (न) मा उल्लेख भएको पाईन्छ भने शर्त नं. १५ (ढ) ३ मा उल्लेख भएबमोजिम नेटवर्क जडान गर्न दिनु पर्ने शर्त रहेको पाईन्छ । त्यस्तै NDCL लाई जारी गरिएको Internet/email को अनुमतिपत्रको शर्त नं. १५.११ र १५.१४(२) मा स्वच्छ व्यापार र सोको आय व्यय विवरण प्राधिकरणमा पेश गर्नु पर्ने शर्त उल्लेख भएको पाइन्छ । NDCL लाई प्राधिकरणबाट वेसिक दूरसंचार सेवा, मोवाइल दूरसंचार सेवा र इन्टर्नेट इमेल सेवाको अलग अलग अनुमतिपत्र जारी गरिएको छ । इन्टर्नेटको लागि आवश्यक पर्ने E-1 Link जस्ता Essential Facilities वेसिक अनुमतिपत्रको PSTN बाट निवेदकहरुलाई र आफ्नै नया सेवा निर्देशनालय (Internet Unit) द्वारा सञ्चालन गरीएको Internet Unit लाई उपलव्ध गराएको र Private ISP हरुले Radio Link, VSAT को प्रविधि समेतको प्रयोग गरेको अवस्था विद्यमान छ भने प्राधिकरणबाट निवेदक ISP हरुलाई सरह सोही कानूनी प्रक्रियाबाट NDCL लाई समेत इन्टर्नेटको अनुमतिपत्र जारी गरेको देखिन्छ ।

दूरसंचार ऐन, २०५३ को दफा ३१ ले अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको दूरसंचार प्रणाली अर्को अनुमतिपत्र प्राप्त व्यक्तिले विकास गरेको दूरसंचार प्रणालीसंग परस्पर जोड्न र प्रयोग गर्न पाउने प्रत्याभूति सबै सेवा प्रदायकलाई गरेको छ । दूरसंचार ऐनमा दूरसंचार प्रणालीका सन्दर्भमा

(Voice/Data आदान प्रदान गर्नका लागि) प्रयोग गरेको वा गरिने उपकरण भनी परिभाषित गरेको पाईन्छ । बजारमा एकाधिकारको अन्त्य र एकभन्दा बढि सेवा प्रदायकको उपस्थिति विना प्रतिस्पर्धाको कल्पना गर्न नसकिने र दूरसंचारको सन्दर्भमा प्रतिस्पर्धाका साथ साथै Incumbent Service Provider ले आफ्नो साधन र श्रोतलाई उचित मुल्यमा अरु प्रतिस्पर्धीहरुलाई समेत दिन इन्कार गर्दा वा बजारमा प्रभुत्व (Dominant Service Provider) रहेको सञ्चालकले आफ्नो Resources Share गर्न दिन्न भन्ने हो भने नव प्रवेशीले आफनै नेटवर्क वा पूर्वाधारको संजाल निर्माण गरी देशव्यापी गराउन समय लाग्ने हुदा विकासको क्रम मन्द हुने, साथै एउटै वा भैरहेको लगानीबाट हुन सक्ने क्षेत्रको विस्तारका लागि दोहोरो लगानी गर्नु पर्ने भई लगानी खेर जाने र लगानीको आधारमा शूल्क निर्धारण गरी ग्राहकबाट असुल गरिने हुदा ग्राहकलाइ सेवा शुल्क महंगो पर्न जाने र प्रतिस्पर्धामा अवरोध हुन जाने भएकोले भैरहेको पूर्वाधारको Sharing गर्ने अवधारणबाट विकसित मुलुकमा प्रयोग एवं लागु भएको बिषयलाइ ऐनको दफा ३१ र दफा ४२ (३) को व्यवस्था विधिकर्ताले विशेष ध्यान पूर्वक राखेको पाइन्छ । यस्तो क्रियाकलापबाट दूरसंचार क्षेत्र र ग्राहकलाइ नकारात्मक असर पर्न दिन नहुने कर्तव्य प्राधिकरणमाथि रहेको छ । त्यसैगरी Incumbent सेवा प्रदायकले आफ्नो नेटवर्कमा रहेको अत्यावश्यक सुविधामा अन्य सेवा प्रदायकलाई Access दिन्न भन्न नपाउने तर सुविधा प्रयोग गरे वापत सेवा प्राप्त गर्ने व्यक्तिले उक्त सुविधाको शुल्क तथा महशुल भने तिर्नु पर्ने र सुविधा उपलव्ध गराउदा आफु र अन्यलाई समान ढंगले दिन पर्ने व्यवस्था World Trade Organozation (WTO) को Telecommunications Regulation Reference Paper (TRRP) को दफा २ (२) (a) मा यसरी उल्लेख गरेको पाइन्छ:-

**2.2 Interconnection to Be Ensured:** Interconnection with a major supplier will be ensured at any technically feasible point in the network. Such interconnection is provided,

(a) under non-discriminatory terms, conditions (including technical standards and specifications) and rates and of a quality no less favourable than that provided for its own like services or for like services of non-affiliated service suppliers or for its subsidiaries or other affiliates;

WTO TRRP मा परिभाषित Major Supplier को परिभाषा भित्र NDCL पर्नेमा द्विविधा देखिदैन । एउटै व्यक्तिबाट वेसिक दूरसंचार सेवाको अनुमतिपत्र अन्तर्गतको PSTN (Land Line) नेटवर्क र मोवाइल दूरसंचार सेवाको अनुमतिपत्र अन्तर्गतको मोवाइल दूरसंचार नेटवर्क संचालनमा रहेको अवस्थामा वेसिक दूरसंचार सेवाको अनुमतिपत्र अन्तर्गतको PSTN नेटवर्क मोवाइल दूरसंचार नेटवर्क वीच अन्तरआवद्धता गर्दा शुल्क नलिई सेवाको Traffic Incoming र Outgoing मा आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारको प्रयोग गर्न दिने र अन्य व्यक्तिले सोही प्रकारको अन्तरआवद्धताको माग गर्दा नदिने वा विभिन्न शर्त र मुल्य तोक्ने क्रियाकलापले नव प्रवेशी तथा प्रतिस्पर्धी कम्पनीका वीच विभेद हुन जाने साथै समान प्रकृतिको सेवामा सेवा प्रदायकहरु बिचको प्रतिस्पर्धामा समानता हुन नसक्ने हुदा त्यस्ता क्रियाकलाप रोक्न र Essential Facilities लाई न्यायोचित वितरणको माध्यमबाट प्रतिस्पर्धालाई सन्तुलित तुल्याउन लगायतको कामका लागि नै प्राधिकरण जस्ता स्वतन्त्र नियामक निकायको स्थापना गरिएको पाईन्छ ।

एउटा सेवाबाट प्राप्त आम्दानीलाई अर्को सेवाको घाटामा परिपूर्ति (Cross Subsidy), लागत मुल्यभन्दा कम मुल्यमा (Predatory Pricing) सेवा प्रदान गर्ने, अपारदर्शी ढंगले सेवाको वितरण तथा श्रोतको बाडफाड जस्ता विषयमा अनुगमन गर्ने निकायबाट निगरानी गरी वेला वखतमा त्यस्ता गतिविधि रोक्ने, जरीवाना गर्ने र एउटै संस्थाद्वारा विभिन्न सेवा संचालन गरेको छ र दफा ४२ (३) जस्तो अवस्था देखिएमा अलग इकाई गठन गरी सेवा संचालन गर्न आदेश दिने परिपाटी समेत अन्य मुलुकहरुमा रहेको पाइन्छ । न्यूजिल्याण्ड सरकारले Regulatory Requirement Meet गर्न र स्वस्थ प्रतिस्पर्धा कायम गर्नका लागि सरकारी पूर्व स्वामित्वको सबैभन्दा ठुलो Fixed Line Telephone Company लाई स्वस्थ प्रतिस्पर्धा कायम गर्नका लागि आफ्नो सेवाहरुलाई टुक्रयाउन, प्रतिद्वन्दीलाई आफ्नो Fixedline को Copper Wire Network उपलब्ध गराउन र कम्पनीलाई Wholesale, Retail र Network Unit गरी अलग गर्न आदेश दिएकोबाट समेत स्वस्थ प्रतिस्पर्धाका लागि सेवा अनुसार वा Network र सेवालाई अलग अलग गराएको पाईन्छ । (http://www.telecomasia.net/article.php?type =article&id_article=7426)

प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाहीको विवरण तथा संचालन गरेका दूरसंचार सेवा सम्वन्धी विवरण माग गर्न सक्ने ऐनको दफा १५(२) को ब्यवस्था अनुसार NDCL को नयाँ सेवा निर्देशनालयबाट संचालित इन्टर्नेट सेवालाई NDCL ले उपलव्ध गराएको टेलिफोन लाइनहरु CDMA, ADSL, PSTN प्रदान गर्दा के कस्तो शर्त र दररेटमा प्रदान गरिरहेको छ सो पुष्टि हुने लिखित प्रमाण सहितको विवरण माग गरेकोमा NDCL ले मिति २०६४।१०।१३ मा पेश गरेको पत्रबाट ऐनको दफा १५(२) को पालना भएको मान्न सकिने  अवस्था पाइएन ।

दूरसंचार ऐनको प्रस्तावनामा दूरसंचार सेवालाई भरपर्दो र सर्वसुलभ वनाउन, दूरसंचार सेवामा निजी क्षेत्रलाई समेत संलग्न गराउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्ने मनसाय ब्यक्त भएको छ । त्यसैगरी दफा १३ (ख), (ङ) र (ड) मा प्रतिस्पर्धा गर्ने गराउने तथा उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसंचार सेवाको विकास र विस्तार गर्ने, गराउने कानूनी व्यवस्थाका साथै प्रतिस्पर्धा सम्बन्धमा दूरसञ्चार नीति - २०६० ले निम्न बमोजिमको उद्धेश्य लिएको पाइन्छ:-

५ (११) (६) विश्व ब्यापार संगठन (WTO) को सिद्धान्तमा आधारित प्रतिस्पर्द्धा सम्बन्धी व्यवस्थाको संरक्षण, अन्तरआबद्धता (Interconnection), सबैलाई सेवा उपलब्ध गराउनु पर्ने दायित्व (Universal Service Obligation), खुला अनुमतिपत्र प्रक्रिया, स्वतन्त्र तथा न्यायपूर्ण नियामक तथा सीमित स्रोतको उपयोग जस्ता विषयमा उदाहरणीय प्रचलनलाई अंगीकार गरिनेछ।

५(१२) (१) दूरसञ्चार सेवाप्रदायकबीच न्यायपूर्ण प्रतिस्पर्द्धालाई प्रोत्साहनगरी दूरसञ्चार क्षेत्रमा आर्थिक सक्षमता हासिल गरिनेछ। यस सन्दर्भमा प्रतिस्पर्द्धा सम्बन्धी छुट्टै कानूनी व्यवस्था नभएसम्म तत्सम्बन्धी प्रावधान तत्काल दूरसञ्चार ऐनमा समावेश गरिनेछ। मुख्य सेवा प्रदायकलाई प्रतिस्पर्द्धाको सिद्धान्त विपरीत एउटा सेवाको

आम्दानीले अर्को सेवाको आम्दानीलाई भर्ना (Cross subsidy) गर्ने, अन्य प्रतिस्पर्द्धीलाई नोक्सानी एवं समाप्त पार्ने उद्देश्यले मूल्य निर्धारण गर्ने, प्रतिस्पर्द्धीको सूचनाको गलत प्रयोग गर्ने र प्रतिस्पर्द्धीसँग सरोकार भएको जानकारीलाई रोक्ने जस्ता अन्यायपूर्ण एवं अस्वस्थ अभ्यास हुन नदिन विश्व ब्यापार संगठनले अवलम्बन गरेको सर्वोत्तम उपाय अनुशरण गरिने छ ।

NDCL बाट Basic, Internet/email, GSM Mobile, Limited Mobility जस्ता सेवा अलग अलग अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन भै रहेको भए पनि सेवा सम्बन्धी विवरण उपलब्ध गराउनु पर्नेमा NDCL ले मिति २०६४।१०।१३ को पत्रबाट सेवाहरु एउटै कम्पनी NDCL का अङ्गहरु भएको कारणले एउटा अङ्गबाट अर्को अङ्गको सेवामा के कस्तो शर्त र दररेटमा सेवा प्रदान गरिरहको भन्ने कुराको कुनै तात्विक अर्थ नदेखिएको भनी विवरण दिन इन्कार गरेकोले ऐनको दफा ४२ (३) को अवस्था रहे नरहेको परीक्षण गर्न सक्ने अबस्था प्राधिकरणलाई रहेन ।

दूरसंचार नीति, २०६० को उपयुर्क्त मार्गदर्शन र ऐनको दफा ४२ (३) बमोजिम सेवा संचालनमा Cross Subsidy, Predatory Pricing भए नभएको अध्ययन गर्न पारदर्शिता हुनेगरी सेवा सम्बन्धी विवरण राखी सेवा संचालन गर्ने व्यवस्था मिलाउनु र सेवा वितरण र विस्तार गर्दा ऐनको दफा ४२ (३) बिपरित नहुने गरी PSTN/GSM/CDMA/Optical Fibres/ADSL लगायतको Network आदि प्रयोगमा अन्य सेवा प्रदायकलाई आफ्नो अलग Service Unit लाई सरहको समान शर्त र शुल्कमा Access दिने प्रबन्ध मिलाउनु र Basic-01, Internet/email, GSM Mobile, Limited Mobility जस्ता अनुमतिपत्र प्राप्त सेवा अलग अलग युनिटबाट सेवा लिने दिने प्रक्रियाको स्थापना र संचालन गरिएमा अनुमतिपत्र प्राप्त ब्यक्तिको कियाकलाप पारदर्शि हुन गै स्वत: प्रतिस्पर्धामा वृद्धि हुन जाने र Effective Mangement हुन गै Cross Subsidy, Predatory Pricing रोक्न मद्दत गर्ने भएकोले यो आदेश भएको मितिले १ बर्ष भित्रमा अलग अलग इकाइबाट सेवा संचालन गर्ने व्यवस्था मिलाई सेवा वितरण र विस्तार गर्नु भनी दूरसंचार ऐनको दफा १५ बमोजिम नेपाल दूरसंचार कम्पनी लिमिटेडको नाममा निर्देशन जारी हुने ठहर्छ ।

निवेदकहरुले काठमाडौंमा मुख्य नेटवर्क स्थापना गरी इन्टर्नेट सेवा संचालन गरेको विषयमा विवाद देखिदैन । काठमाडौं उपत्यका वाहिरका कुनै स्थानमा इन्टर्नेट सेवाको लागि आवश्यक हुने पूर्वाधार तयार गरेको, सो पूर्वाधारको प्रयोग गरी इन्टर्नेट सेवाको ग्राहक बनाएको, त्यसरी बनाएको इन्टर्नेटको ग्राहकले Telephone को Dial-up माध्यमबाट इन्टर्नेट सेवा प्राप्त गर्दा ISD कल चार्ज लागेको भनी कुनै ठोस सवूत प्रमाणबाट प्रमाणित गर्न सकेको देखिदैन । NDCL बाट २०६४।१०।२७ मा पठाएको पत्रमा कम्पनीका १००० लाइन क्षमताका Remote Subscriber Unit (RSU) हरुमा बढिमा चारवटा E-1 जडान गर्न सकिने र प्रत्येक Connection ले एउटा Channel लिने हुनाले १००० लाइनलाई प्राप्त हुने १२० Channel बाटै इन्टर्नेट सेवाको लागि Circuit छुट्याउदा Voice Traffic लाई प्रतिकुल असर कम गर्न RSU र Host Exchange वीचको Total Channel Capacity मध्ये अधिकतम ५ प्रतिशत मात्र ISP हरुका लागि दिन सकिने, विद्यमान Voice Circuit बाट नै इन्टर्नेटको ग्राहकलाई मुलुकभरबाट लोकल कल सरह Dialing को व्यवस्था गर्न प्राविधिक रुपमा सम्भव नहुने भन्ने समेत आधार र कारण उल्लेख गरेबाट हाल काठमाडौं उपत्यका वाहिरका

इन्टर्नेट सेवाका ग्राहक बनेका NDCL ग्राहकले पाउदै आएको Local Dialing सुविधा इन्टर्नेट सेवाको ग्राहक संख्या वृद्धि भएपछि हालकै Network Infrastructure मा स्थायी रहीरहन नसक्ने र त्यस्तो सुविधाले निरन्तरता पाउने अवस्था देखिदैन । साथै NDCL को इन्टर्नेट सेवाको ग्राहकले पाएको सुविधा निवेदक कम्पनीका इन्टर्नेट सेवाको ग्राहकले समेत पाउनु पर्ने भन्ने दावी सहितको निवेदन वास्तविक मर्का परेको इन्टर्नेटको ग्राहकबाट परेको नदेखिएको र निवेदकले आफूले इन्टर्नेट सेवाको लागि आवश्यक हुने भौतिक पूर्वाधार काठमाडौं उपत्यका वाहिर समेत स्थापना गरी काठमाडौं उपत्यका वाहिर ग्राहक वनाएको सवूत प्रमाण मिसिल सम्लग्न कागजातबाट प्रमाणित हुन नसकेकोले निवेदन खारेज हुने ठहर्छ । अरुमा तपसिल बमोजिम  गर्नु ।

## तपसिल

निर्णयमा चित्त नबुझे ३५ दिन भित्र पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न जानु भनी सरोकारवालालाई जानकारी दिनु । फाईल सुरक्षित राखि सरोकारवालाले आदेशको नक्कल माग गरेमा नियमानुसार नक्कल दिनु ।

......................
तुलसी भट्ट
सदस्य

उक्त रायमा हामी सहमत छौं ।

| ............................... | ............................. | ...................... | ................... |
|---|---|---|---|
| प्रा.डा. दिनेश कुमार शर्मा | महेश प्रसाद अधिकारी | बलराम प्रधानाङ्ग | भेषराज कडेल |
| अध्यक्ष | सदस्य | सदस्य | सदस्य |

**प्रधिकरणले टिपाए बमोजिम फैसला तयार गर्ने :**
कैलाश प्रसाद न्यौपाने
रजिष्ट्रर । उप-निर्देशक (कानुन)

**कम्प्युटर :** सुन्दर प्याकुरेल

इति सम्बत् २०६५ साल बैशाख महिना १३ गते रोज ६ शुभम् ..................................... ।